# आयातको भुक्तानी प्रवृत्ति

नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग
२०७३

# विषय सूची

प्राक्कथन

कार्यकारी सारांश

१ परिचय १

२ वैदेशिक व्यापारको अवस्था १

३ व्यापार भुक्तानीका माध्यम २

४ अनौपचारिक कारोबार ६

५ समस्या समाधानका केही उपायहरु ८

५ निष्कर्ष र सुझाव ८

सन्दर्भ सामाग्री १०

अनुसूची ११

# प्राक्कथन

१. नेपालको वैदेशिक व्यापार विशेषतः भारतसँग केन्द्रित रहेको छ । आर्थिक वर्ष २०७२/७३ को व्यापार तथ्याङ्क अनुसार नेपालको कुल वस्तु व्यापारमध्ये भारतसँग करिब ६१ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी अर्को छिमेकी मुलुक चीनसँगको हिस्सा करिब १४ प्रतिशत रहेको देखिन्छ । नेपालको वैदेशिक व्यापारमा आयातको अंश क्रमशः वृद्धि हुँदै गएको छ । निर्यातको न्यूनता र आयातको वृद्धिसँगै व्यापार घाटा पनि विस्तार हुँदै गएको छ । निर्यातयोग्य वस्तुहरूको उत्पादन र सोको प्रवर्द्धन हुन नसक्दा नेपालले अन्तर्राष्ट्रिय व्यापारमा उल्लेख्य घाटा व्यहोरिरहेको छ ।

२. सीमित देशहरुसँग हुँदै आएको व्यापार सन् नब्बेको दशकको आर्थिक उदारीकरणपछि करिब १८० वटा देशहरुसँग फैलिइसकेको छ । समय क्रमसँगै वैदेशिक व्यापार भुक्तानीको प्रक्रियामा समेत परिवर्तन आउनुका साथै नविनतम् माध्यमको विकास समेत भएको छ ।

३. अन्तर्राष्ट्रिय व्यापारमा हाल भुक्तानीका निमित्त प्रतीतपत्र, ड्राफ्ट टी.टी., प्रतिज्ञा पत्र, नगद भुक्तानी, विनिमय विल, निर्यातकर्ताको खातामा गरिने प्रत्यक्ष भुक्तानी, निर्यात-आयात हिसाव मिलान लगायतका माध्यम प्रयोग भइरहेका छन् । नेपालमा विशेषगरी प्रतीतपत्र, नगद भुक्तानी तथा निर्यातकर्ताको खातामा गरिने प्रत्यक्ष भुक्तानी विधिहरु बढी प्रचलित रहेको देखिन्छ भने नगद रकम स्थानान्तरणको लागि SWIFT बढी प्रयोगमा रहेको देखिन्छ । त्यसैगरी, भारतबाट सामान आयात गर्ने आयातकर्ताले केही मात्रामा अग्रिम भुक्तानी सोझै निर्यातकर्ता फर्मको खातामा जम्मा गरिदिने र Gateway Payment समेत सामान्य रुपमा प्रयोग गर्ने गरेको देखिन्छ ।

४. आर्थिक वर्ष २०७२/७३ मा पेट्रोलियम पदार्थ बाहेकको वस्तु आयातको करिब ४७.७ प्रतिशत भुक्तानी प्रतीतपत्रमार्फत भएको छ । भारतबाट प्रतीतपत्रमार्फत हुने आयातको अंश २८.७ प्रतिशत मात्र रहेको छ भने अन्य मुलुकबाट प्रतीतपत्रमार्फत हुने आयातको अंश ७३.९ प्रतिशत रहेको छ ।

५. न्यून अथवा अधिक बीजकीकरण लगायत अनौपचारिक व्यापार एवम् भुक्तानी निरुत्साहित गर्न व्यापार मूल्याङ्कनलाई नियमित तथा अद्यावधिक गरिनु आवश्यक रहेको देखिन्छ । त्यसैगरी अनौपचारिक आयातको भुक्तानीको स्रोत अनौपचारिक विप्रेषण समेत हुनसक्ने सन्दर्भमा विप्रेषणलाई बैकिङ्ग माध्मद्वारा आप्रवाह गराउनमा प्रोत्साहन गराउनुका साथै नेपालीहरुको संख्या विस्तार भएको नयाँ गन्तब्य राष्ट्रहरुमा विप्रेषण आप्रवाह गर्ने कम्पनीहरुलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

६. अन्त्यमा, यो अध्ययन सम्पन्न गरी अध्ययन प्रतिवेदनलाई सार्वजनिक गर्ने अवस्थामा आइपुग्दासम्म आफ्ना महत्वपूर्ण सुझाव तथा सल्लाह प्रदान गर्नुहुने श्रीमान् गभर्नरज्यू, श्रीमान् डेपुटी गभर्नरज्यूहरु, कार्यकारी निर्देशकहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसैगरी, यस अध्ययनलाई योगदान पुऱ्याउनु हुने यस बैंकका निर्देशकहरु, उप-निर्देशकहरु तथा सहायक निर्देशकहरु लगायतलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

नर बहादुर थापा
कार्यकारी निर्देशक
अनुसन्धान विभाग

# कार्यकारी सारांश

१. सन् नब्बेको दशकको आर्थिक उदारीकरणपछि नेपालको वैदेशिक व्यापार क्षेत्रमा व्यापक परिवर्तन आएको छ । उदारीकरण अगाडि सीमित देशहरुसँग हुँदै आएको वैदेशिक व्यापार हाल करिब १८० वटा देशहरुसँग फैलिएको छ । समय क्रमसँगै वैदेशिक व्यापारमा अवलम्बन हुने भुक्तानीको प्रक्रियामा समेत परिवर्तन आएको छ । वैदेशिक व्यापारमा भएको परिवर्तनसँगै व्यापारमा प्रयोग हुने भुक्तानी प्रवृत्तिको जानकारीले नियामक निकायबाट व्यापारलाई सहजीकरण गर्न सहयोग पुग्दछ । यस अध्ययनको मुख्य उद्देश्य व्यापार भुक्तानीको अवस्था र यसको प्रवृत्तिको स्थितिलाई प्रस्तुत गर्नु रहेको छ ।

२. आर्थिक वर्ष २०७२/७३ मा कुल वस्तु निर्यात १७.८ प्रतिशतले ह्रास आई रु. ७० अर्ब १२ करोडमा सीमित भएको छ । त्यसैगरी, कुल आयात ०.१ प्रतिशतले घटेर रु. ७७३ अर्ब ६० करोड रहेको छ । आर्थिक वर्ष २०७२/७३ मा निर्यातको आकारको तुलनामा आयातको आकार करिब ११ गुणा ठूलो रहेको छ । अघिल्लो वर्ष आयातको आकार करिब ९ गुणा ठूलो रहेको थियो । समीक्षा वर्षमा कुल वस्तु निर्यात, कुल वस्तु आयात, कुल वस्तु व्यापार घाटा र कुल वस्तु व्यापारको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ३.१ प्रतिशत, ३४.४ प्रतिशत, ३१.३ प्रतिशत र ३७.५ प्रतिशत रहेको छ ।

३. अन्तर्राष्ट्रिय व्यापारमा प्रतीतपत्र, ड्राफ्ट/टी.टी.., प्रतिज्ञा पत्र, नगद भुक्तानी, विनिमय विल, निर्यातकर्ताको खातामा गरिने प्रत्यक्ष भुक्तानी (Open Account), निर्यात-आयात हिसाव मिलान (Counter Trade), प्राप्त हुनु पर्ने विलबिक्री (Cross-Border Factoring) लगायतका माध्यम प्रयोग भइरहेको पाइन्छ । विशेषगरी प्रतीतपत्र, नगद भुक्तानी तथा निर्यातकर्ताको खातामा गरिने प्रत्यक्ष भुक्तानी (Open Account) विधिहरु बढी प्रचलित रहेको देखिन्छ भने नगद रकम स्थानान्तरणको लागि SWIFT बढी प्रचलनमा रहेको देखिन्छ । नेपालको वैदेशिक व्यापारमा प्रयोग हुने भुक्तानीका माध्यमलाई नेपाल राष्ट्र बैंकले संकलन गर्ने तथ्याङ्कको आधारमा प्रतीतपत्र (एल.सी.) र एल.सी. बाहेक ड्राफ्ट, टी.टी. वा अन्य कुनै माध्यमको रुपमा छुट्याइएको छ र सोको अंश झण्डै बराबर रहेको छ । अन्य माध्यमहरुमध्ये ड्राफ्ट मुख्य रुपमा तथा SWIFT, टी.टी., डेविट तथा क्रेडिट कार्ड र विनिमय विल प्रयोगमा रहेको पाइन्छ । त्यसैगरी, भारतबाट सामान आयात गर्ने आयातकर्ताले केही मात्रामा अग्रिम भुक्तानी सोझै निर्यातकर्ता फर्मको खातामा जम्मा गरिदिने र Gateway Paymet समेत सामान्य रुपमा प्रयोग गर्ने गरेको देखिन्छ ।

४. विगत पाँच वर्ष अवधिको कुल आयातमा प्रयोग गरिएका भुक्तानीका माध्यमहरुको प्रवृत्ति विश्लेषण गर्दा प्रतितपत्र तथा अन्य माध्यम दुबैको रकम वृद्धि हुँदै गइरहेकोमा पछिल्लो तीन वर्षमा अन्य माध्यमको तुलनामा प्रतीतपत्र (एल.सी.) मार्फत भएको भुक्तानीको अंश केही बढेको देखिन्छ । भन्सारमा दर्ता भएको आयातको समय र बैंक तथा वित्तीय संस्थाहरुमार्फत भएको भुक्तानीको समयमा फरक पर्न गएकोले कुल आयात र कुल भुक्तानी रकम बीच अन्तर देखिएको छ । आर्थिक वर्ष २०६८/६९ मा कुल आयातको ४६.३ प्रतिशत र कुल भुक्तानीको ४७.६ प्रतिशत प्रतीतपत्रबाट र कुल आयातको ५१ प्रतिशत र कुल भुक्तानीको ५२.४ प्रतिशत अन्य माध्यमबाट भुक्तानी भएकोमा आर्थिक वर्ष २०७२/७३ मा कुल आयातको ४७.७ प्रतिशत र कुल भुक्तानीको ५१.२ प्रतिशत प्रतीतपत्रबाट र कुल आयातको ४५.४ प्रतिशत र कुल भुक्तानीको ४८.८ प्रतिशत अन्य माध्यमबाट भएको देखिन्छ । आर्थिक वर्ष २०६८/६९ देखि २०७२/७३ सम्म भारतबाट भएको पेट्रोलियम पदार्थ बाहेकको कुल आयातमा प्रतीतपत्रको अंश १८.८ प्रतिशतदेखि २८.७ प्रतिशतसम्म तथा अन्य माध्यमहरुको अंश ६६.७ देखि ८५.८ प्रतिशतसम्म रहेको देखिन्छ । आर्थिक वर्ष २०६८/६९ मा २०.४ प्रतिशत रहेको प्रतीतपत्रको अंश आर्थिक वर्ष २०७२/७३ मा केही वृद्धि भई २८.७ प्रतिशत पुगेको छ भने अन्य माध्यमको अंश घटेर ६२ प्रतिशतमा झरेको छ । अपवाद बाहेक भारतबाट हुने पेट्रोलियम पदार्थको आयात नेपाल आयल निगमले मात्र गर्ने

र सोको भुक्तानी प्रत्येक १५ दिनमा स्ट्याण्डर्ड चार्टर्ड बैंक मार्फत भुक्तानी हुने गरी नेपाल राष्ट्र बैंकले रिर्जभ बैंक अफ ईण्डिया, कोलकतामा पठाउने गरेकोले उक्त तथ्याङ्क यसमा समावेश गरिएको छैन ।

५. अन्य मुलुकतर्फको कुल आयातमा प्रतीतपत्रको अंश भन्दा अन्य माध्यमको अंश न्यून रहेको देखिन्छ । विगत पाँच वर्षको तथ्याङ्क हेर्दा प्रतीतपत्र तथा अन्य माध्यमको अंशमा केही घटबढ देखिएको छ । आर्थिक वर्ष २०६८/६९ मा ७९.२ प्रतिशत रहेको प्रतीतपत्रको अंश आर्थिक वर्ष २०७२/७३ मा ७३.९ प्रतिशत कायम भएको छ भने सोही अवधिमा अन्य माध्यमको अंश १८.४ प्रतिशतबाट बढेर २२.५ प्रतिशत पुगेको छ ।

६. भुक्तानीको अवस्था तथा प्रवृत्तिको जानकारीको अभावमा देशको कुल वैदेशिक व्यापारको लागि आवश्यक विदेशी मुद्राको निर्क्योल गर्न कठिन हुन्छ । भुक्तानी प्रवृत्तिको अद्यावधिक अवस्थाको जानकारी हासिल गर्न विस्तृत अध्ययन जरुरी रहेको छ । नेपालको वैदेशिक व्यापार अन्तर्गत आयात भुक्तानीका माध्यमहरुमा नगद भुक्तानी, ड्राफट/टी.टी., प्रतीतपत्र, Documents against Payments (DAP), Documents against Acceptance (DAA) जस्ता माध्यमहरु चलनचल्तीमा रहेको देखिन्छ । आर्थिक वर्ष २०७२/७३ मा पेट्रोलियम पदार्थ बाहेकको कुल वस्तु आयातको भुक्तानी करिब ४७.७ प्रतिशत प्रतीतपत्रमार्फत भएको छ । भारत र अन्य मुलुकबाट भएको आयात क्रमशः करिब २८.७ प्रतिशत र ७३.९ प्रतिशत प्रतीतपत्र मार्फत तथा ६२ प्रतिशत र २२.५ प्रतिशत अन्य माध्यमबाट भएको छ । साथै प्रतीतपत्र मार्फत हुने आयातको अंशमा वृद्धि हुँदै गएको छ ।

७. भुक्तानीका माध्यमको वृद्धिदर हेर्दा आयात वृद्धिसँगै प्रतीतपत्रको प्रयोग बढ्दै गएको र अन्य माध्यमको वृद्धिदर घट्दै गएको देखिन्छ । तर प्रतीतपत्रको माध्यमबाट भुक्तानी गर्दा सामना गर्नुपर्ने झण्झटिलो प्रक्रियाबाट मुक्त रहन साना व्यापारीहरुको आकर्षण ड्राफ्ट/टी.टी. मा भएको बुझिएको छ । यसको सीमा हाल रु. ५०,००० अमेरिकी डलर पुऱ्याइएको छ ।

८. नेपालको आयातलाई भारतको निर्यातको तथ्याङ्कसँग तुलना गर्दा नेपालको कुल वस्तु आयात, भारतको निर्यातभन्दा कम रहेको छ । यसले न्यून बीजकीकरणलाई संकेत गर्दछ । यसका अतिरिक्त अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार कतिपय देशहरुमा नेपालीको लगानी रहेको छ ।

९. अन्तर्राष्ट्रिय व्यापारमा औपचारिक कारोबारको प्रक्रियालाई सरलीकरण गर्ने, अनौपचारिक आयातलाई नियन्त्रण गर्न भन्सार व्यवस्थापनमा सुदृढीकरण गर्ने, व्यापार मूल्याङ्कनलाई बजार मूल्य अनुसार नियमित अद्यावधिक गर्ने तथा सुनको अनौपचारिक आयातलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ । नेपालीहरुको संख्या विस्तार भएको नयाँ गन्तव्य मुलुकहरुमा विप्रेषण आप्रवाह गर्ने कम्पनीहरुलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ । त्यसैगरी, आयात भुक्तानीका उपकरण अनुसारको भुक्तानी तथ्याङ्क प्रणालीको विकास गरी तथ्याङ्क व्यवस्थापन गर्नुपर्ने देखिन्छ । विद्युतीय प्रणालीको विकास तथा सबै कारोबारलाई राष्ट्रिय परिचय-पत्र वा त्यस्तै प्रणालीको संयन्त्रमा आबद्ध गर्न सकेमा अनौपचारिक व्यापार र पुँजी प्रवाहलाई नियन्त्रण गर्न सकिन्छ ।

# आयातको भुक्तानी प्रवृत्ति

## परिचय

१. नेपालको वैदेशिक व्यापार भारत केन्द्रित रहेको छ । आर्थिक वर्ष २०७२/७३ को व्यापार तथ्याङ्क अनुसार नेपालको कुल वस्तु व्यापारमा भारतको करिब ६१ प्रतिशत हिस्सा रहेको छ (तालिका १) । चीनसँगको हिस्सा १४ प्रतिशत देखिन्छ । औपचारिक तथा अनौपचारिक व्यापार, भन्सारदर, भुक्तानीको स्रोत, आवागमनमा सहजता आदिले देशको व्यापारमा प्रयोग हुने भुक्तानीको माध्यमलाई निर्धारण गरेको हुन्छ ।

तालिका १

**व्यापारमा देशगत हिस्सा (प्रतिशत)**

| देश | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
| भारत | ६६.७ | ६३.७ | ६१.२ |
| चीन | ९.४ | ११.९ | १३.९ |
| अन्य मुलक | २३.९ | २४.४ | २४.८ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

२. नेपालको वैदेशिक व्यापारमा आयातको अंश क्रमशः वृद्धि हुदै गएको छ । निर्यातको न्यूनता र आयातको वृद्धिसँगै व्यापार घाटा पनि विस्तार हुँदै गएको छ । निर्यातयोग्य वस्तुहरूको उत्पादन र सोको प्रवर्द्धन हुन नसक्दा नेपालले अन्तर्राष्ट्रिय व्यापारमा उल्लेख्य घाटा व्यहोरिरहेको छ ।

३. सन् नब्बेको दशकको आर्थिक उदारीकरणपछि नेपालको वैदेशिक व्यापार क्षेत्रमा ठूलो परिवर्तन आएको छ । अगाडी सीमित देशहरुसँग हुँदै आएको वैदेशिक व्यापार उदारीकरणपछि करिब १८० वटा देशहरुसँग फैलिएको छ । समयक्रमसँगै वैदेशिक व्यापार भुक्तानीको प्रक्रियामा समेत परिवर्तन आएको छ ।

४. कुनै व्यक्ति वा संस्थालाई रकम, जिन्सी वा सेवा प्राप्त गर्न भुक्तानी वा रकम हस्तान्तरण गर्ने कार्यलाई नेपाल राष्ट्र बैंक, भुक्तानी तथा फछ्र्यौट विनियमावली २०७२ ले भुक्तानीको रुपमा परिभाषित गरेको छ । एक देशले बाँकी विश्वसँग गरेको कारोबारबाट सृजित दायित्व फछ्र्यौट गर्ने कार्य नै व्यापारको भुक्तानी हो भने सो कार्यमा प्रयोग गरिने साधन भुक्तानी उपकरण हो ।

५. नेपालको आयातमा गरिने भुक्तानीका माध्यमको अवस्था तथा प्रवृत्ति विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यसका लागि नेपाल राष्ट्र बैंक शोधनान्तर शाखामा उपलब्ध तथ्याङ्क प्रयोग गरिएको छ ।

## वैदेशिक व्यापारको अवस्था

६. आर्थिक वर्ष २०७२/७३ मा कुल वस्तु निर्यात १७.८ प्रतिशतले ह्रास आई रु. ७० अर्ब १२ करोडमा सीमित भएको छ (तालिका २) । अघिल्लो वर्ष यस्तो निर्यातमा ७.३ प्रतिशतले घटेको थियो । त्यसैगरी, कुल आयात ०.१ प्रतिशतले घटेर रु. ७७३ अर्ब ६० करोड रहेको छ । अघिल्लो वर्ष यस्तो आयात ८.४ प्रतिशतले वृद्धि भएको थियो । कुल वस्तु व्यापार घाटा २ प्रतिशतले बढी रु. ७०३ अर्ब ४८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो व्यापार घाटा १०.८ प्रतिशतले बढेको थियो (तालिका २) । आर्थिक वर्ष २०७२/७३ मा निर्यातको आकारको तुलनामा आयातको आकार करिब ११ गुणा ठूलो रहेको छ । अघिल्लो वर्ष आयातको आकार करिब ९ गुणा ठूलो रहेको थियो ।

तालिका २

**नेपालको वैदेशिक व्यापार**

रु. अर्बमा

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| कुल वस्तु निर्यात | ७४.२६ | ७६.९२ | ९१.९९ | ८५.३२ | ७०.१२ |
| कुल वस्तु आयात | ४६१.६७ | ५५६.७४ | ७१४.३७ | ७७४.६८ | ७७३.६० |
| कुल वस्तु व्यापार घाटा | -३८७.४१ | -४७९.८२ | -६२२.३७ | -६८९.३७ | -७०३.४८ |
| कुल वस्तु व्यापार | ५३५.९३ | ६३३.६६ | ८०६.३६ | ८६०.०० | ८४३.७२ |
| **प्रतिशत परिवर्तन** | | | | | |
| कुल वस्तु निर्यात | १५.४ | ३.६ | १९.६ | -७.३ | -१७.८ |
| कुल वस्तु आयात | १६.५ | २०.६ | २८.३ | ८.४ | -०.१ |
| कुल वस्तु व्यापार घाटा | १६.७ | २३.९ | २९.७ | १०.८ | २.० |
| कुल वस्तु व्यापार | १६.४ | १८.२ | २७.३ | ६.७ | -१.९ |
| **कुल गार्हस्थ उत्पादनसँगको अनुपात** | | | | | |
| कुल वस्तु निर्यात | ४.९ | ४.५ | ४.७ | ४.० | ३.१ |
| कुल वस्तु आयात | ३०.२ | ३२.८ | ३६.४ | ३६.५ | ३४.४ |
| कुल वस्तु व्यापार घाटा | -२५.४ | -२८.३ | -३१.७ | -३२.५ | -३१.३ |
| कुल वस्तु व्यापार | ३५.१ | ३७.४ | ४१.० | ४०.६ | ३७.५ |

*स्रोत : नेपाल राष्ट्र बैंक ।*

७. समीक्षा वर्षमा कुल वस्तु निर्यात, कुल वस्तु आयात, कुल वस्तु व्यापार घाटा र कुल वस्तु व्यापारको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ३.१ प्रतिशत, ३४.४ प्रतिशत, ३१.३ प्रतिशत र ३७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः ४ प्रतिशत, ३६.५ प्रतिशत, ३२.५ प्रतिशत र ४०.६ प्रतिशत रहेका थिए (तालिका २) ।

## व्यापार (आयात) भुक्तानीका माध्यम

८. अन्तर्राष्ट्रिय व्यापारमा प्रतीतपत्र, ड्राफ्ट/टी.टी., प्रतिज्ञा पत्र, नगद भुक्तानी, विनिमय विल, निर्यातकर्ताको खातामा गरिने प्रत्यक्ष भुक्तानी (Open Account), निर्यात-आयात हिसाव मिलान (Counter Trade), प्राप्त हुनु पर्ने विल विक्री (Cross-Border Factoring) लगायतका माध्यम प्रयोग भइरहेका छन् । विशेषगरी प्रतीतपत्र, नगद भुक्तानी तथा निर्यातकर्ताको खातामा गरिने प्रत्यक्ष भुक्तानी (Open Account) विधिहरु बढी प्रचलित रहेको देखिन्छ भने नगद रकम स्थानान्तरणको लागि (SWIFT) बढी प्रयोग भएको देखिन्छ ।

तालिका ३

**नेपालको व्यापार (आयात) भुक्तानीका माध्यम**

| क्र.सं. | भुक्तानीका मुख्य माध्यम |
|---|---|
| १ | प्रतीतपत्र |
| २ | ड्राफ्ट/टि.टि. |
| ३ | नगद भुक्तानी |
| ४ | Documents Against Payment (DAP) |
| ५ | Documents Against Accepeanc (DAA) |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

९. विश्व बैंकको Global Payment Systems Survey (GPSS) अनुसार विश्वका ७० प्रतिशतभन्दा बढी देशहरुमा भुक्तानी तथा फछ्र्यौट सम्बन्धी कानूनी आधार रहेको देखिन्छ । ठूला कारोबारहरुको लागि

कुल ११६ देशहरुले Real Time Gross Settlement System (RTGS) अवलम्बन गरेको र उच्च तथा मध्यम आय भएका ९० प्रतिशत भन्दा बढी देशहरुमा सुरक्षित भुक्तानीका साधनहरु प्रयोग भइरहेको देखिन्छ । त्यसैगरी ८० प्रतिशत देशहरुका ९० प्रतिशतभन्दा बढी वाणिज्य बैंकहरुले Society for Worldwide Interbank Financial Telecommunication (SWIFT) को माध्ययमबाट रकम स्थानान्तरण गर्ने गरेको देखिन्छ ।

१०. नेपालको वैदेशिक व्यापारमा विशेष गरी प्रतीतपत्र, ड्राफट/टी.टी., नगद भुक्तानी, Documents Against Payments (DAP), Documents Against Acceptance (DAA) जस्ता माध्यमहरु चलनचल्तीमा रहेको देखिन्छ (तालिका ३) । तर, नेपालको वैदेशिक व्यापारमा प्रयोग हुने भुक्तानीका माध्यमलाई नेपाल राष्ट्र बैकले संकलन गर्ने तथ्याङ्कको आधारमा प्रतीतपत्र (एल.सी.) र अन्य माध्यम (एल.सी.) बाहेक ड्राफ्ट, टी.टी. वा अन्य कुनै माध्यमको रुपमा छुट्याइएको छ र सोको अंश झण्डै बराबर रहेको छ । अन्य माध्यमहरुमध्ये नेपालमा ड्राफ्ट मुख्य रुपमा तथा SWIFT, टी.टी., डेविट तथा क्रेडिट कार्ड र विनिमय विल प्रयोगमा रहेको पाइन्छ । त्यसैगरी, भारतबाट सामान आयात गर्ने आयातकर्ताले केही मात्रामा अग्रिम भुक्तानी सोझै निर्यातकर्ता फर्मको खातामा जम्मा गरिदिने र Gateway Paymet गर्ने गरेको देखिन्छ ।

तालिका ४

**नेपालको कुल आयात, कुल भुक्तानी, प्रतीतपत्र (एल.सी.) तथा अन्य माध्यमहरुको अवस्था**

*(रु. अर्बमा)*

| आ. व. | कुल आयात* | कुल भुक्तानी (१=२+३) | प्रतीतपत्र (२) | अन्य माध्यम (३) |
|---|---|---|---|---|
| २०६८/६९ | ३६९.४ | ३५९.२ | १७०.९ | १८८.३ |
| २०६९/७० | ४४९.६ | ४६८.३ | १९८.० | २७०.४ |
| २०७०/७१ | ५८१.४ | ५६५.८ | २३८.९ | ३२७.० |
| २०७१/७२ | ६६२.६ | ५८४.२ | २८३.२ | ३०१.० |
| २०७२/७३ | ७०४.९ | ६५६.३ | ३३६.१ | ३२०.१ |

* पेट्रोलियम पदार्थ बाहेकको आयात ।

*स्रोत: नेपाल राष्ट्र बैंक, शोधनान्तर शाखा, प्रकाशित तथा अप्रकाशित तथ्याङ्कबाट गणना गरिएको ।*

११. विगत पाँच वर्ष अवधिको कुल आयात भुक्तानीका माध्यमहरुको प्रवृत्ति विश्लेषण गर्दा प्रतितपत्र तथा अन्य माध्यम दुबैको रकम वृद्धि हुँदै गइरहेकोमा पछिल्लो तीन वर्षमा अन्य माध्यमको तुलनामा प्रतीतपत्रमार्फत भएको भुक्तानीको अंश केही बढेको देखिन्छ (तालिका ५) । आयातको भन्सारमा दर्ता भएको समय र बैक तथा वित्तीय संस्थाहरुमार्फत भएको भुक्तानीको समयमा फरक पर्न गएकोले कुल आयात र कुल भुक्तानी रकम बीच अन्तर देखिएको छ ।

तालिका ५

## नेपालको कुल आयातमा (पेट्रोलियम पदार्थ बाहेक) र कुल भुक्तानीमा प्रतीतपत्र तथा अन्य माध्यमहरुको अंश

*(प्रतिशतमा)*

| आ. व. | कुल आयात | | | कुल भुक्तानी | |
|---|---|---|---|---|---|
| | प्रतीतपत्र | अन्य माध्यम | कैफियत | प्रतीतपत्र | अन्य माध्यम |
| २०६८/६९ | ४६.३ | ५१.० | (२.८) | ४७.६ | ५२.४ |
| २०६९/७० | ४४.० | ६०.१ | ४.२ | ४२.३ | ५७.७ |
| २०७०/७१ | ४१.१ | ५६.२ | (२.७) | ४२.२ | ५७.८ |
| २०७१/७२ | ४२.७ | ४५.४ | (११.८) | ४८.५ | ५१.५ |
| २०७२/७३ | ४७.७ | ४५.४ | (६.९) | ५१.२ | ४८.८ |

कैफियतमा रहेको ऋणात्मक प्रतिशतले उल्लेखित माध्यमबाट भुक्तानी नभएको रकमको अंश र धनात्मक प्रतिशतले आयातभन्दा बढी भुक्तानी गएको देखाउँछ ।

*स्रोतः नेपाल राष्ट्र बैंक, शोधनान्तर शाखा, प्रकाशित तथा अप्रकाशित तथ्याङ्कबाट गणना गरिएको ।*

१२. आर्थिक वर्ष २०६८/०६९ मा कुल आयातको ४६.३ प्रतिशत प्रतीतपत्रबाट र ५१ प्रतिशत अन्य माध्यमबाट भुक्तानी भएको देखिन्छ (तालिका ५) । कुल भुक्तानीको ४७.६ प्रतिशत प्रतीतपत्रबाट र अन्य माध्यमबाट ५२.४ प्रतिशत भुक्तानी भएको थियो । आर्थिक वर्ष २०७२/०७३ मा कुल आयातको ४७.७ प्रतिशत प्रतीतपत्र र ४५.४ प्रतिशत अन्य माध्यमबाट भएको छ भने कुल भुक्तानीको ५१.२ प्रतिशत प्रतीतपत्र र ४८.८ प्रतिशत अन्य माध्यमबाट भएको देखिन्छ (तालिका ५) ।

तालिका ६

## भारतबाट भएको कुल आयातमा (पेट्रोलियम पदार्थ बाहेक) प्रतीतपत्र तथा अन्य माध्यमहरुको अंश

*(रु. अर्बमा)*

| आ. व. | कुल आयात | प्रतीतपत्र | अन्य माध्यम | प्रतीतपत्रको अंश प्रतिशतमा | अन्य माध्ययमको अंश प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| २०६८/६९ | २०७.१ | ४२.३ | १५८.४ | २०.४ | ७६.५ | (३.१) |
| २०६९/७० | २५९.९ | ५५.१ | २२२.९ | २१.२ | ८५.८ | ७.० |
| २०७०/७१ | ३४५.० | ६४.७ | २७३.८ | १८.८ | ७९.४ | (१.९) |
| २०७१/७२ | ३७९.६ | ९०.२ | २५३.२ | २३.८ | ६६.७ | (९.५) |
| २०७२/७३ | ४०८.५ | ११७.१ | २५३.४ | २८.७ | ६२.० | (९.३) |

कैफियतमा रहेका ऋणात्मक प्रतिशतले उल्लेखित माध्यमबाट भुक्तानी नभएको रकमको अंश र धनात्मक प्रतिशतले आयातभन्दा बढी भुक्तानी गएको देखाउँछ ।

*स्रोतः नेपाल राष्ट्र बैंक, शोधनान्तर शाखा, प्रकाशित तथा अप्रकाशित तथ्याङ्कबाट गणना गरिएको ।*

१३. आर्थिक वर्ष २०६८/६९ देखि २०७२/७३ सम्म भारतबाट भएको पेट्रोलियम पदार्थबाहेकको कुल आयातमा प्रतीतपत्रको अंश १८.८ प्रतिशतदेखि २८.७ प्रतिशतसम्म तथा अन्य माध्यमहरुको अंश ६२.० देखि ८५.८ प्रतिशतसम्म रहेको देखिन्छ (तालिका ६) । आर्थिक वर्ष २०६८/६९ मा २०.४ प्रतिशत रहेको प्रतीतपत्रको अंश आर्थिक वर्ष २०७२/७३ मा केही वृद्धि भई २८.७ प्रतिशत पुगेको छ भने अन्य माध्ययमको अंश घटेर ६२ प्रतिशतमा झरेको छ । भारतबाट हुने पेट्रोलियम पदार्थको आयात अपवाद बाहेक नेपाल आयल निगमले मात्र गर्ने र सोको भुक्तानी प्रत्येक १५ दिनमा स्ट्याण्डर्ड चार्टर्ड बैंक मार्फत भुक्तानी हुने गरी नेपाल राष्ट्र बैंकले रिर्जभ बैंक अफ ईण्डिया, कोलकतामा पठाउने गरेकोले उक्त तथ्याङ्क यसमा समावेश गरिएको छैन (तालिका ६) ।

तालिका ७

**अन्य मुलुकतर्फको कुल आयातमा प्रतीतपत्र (एल.सी.) तथा अन्य माध्यमहरुको अंश**

*(रु. अर्बमा)*

| आ. व. | कुल आयात | प्रतीतपत्र | अन्य माध्यम | प्रतीतपत्रको अंश प्रतिशतमा | अन्य माध्यमको अंश प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| २०६८/६९ | १६२.३ | १२८.५ | २९.९ | ७९.२ | १८.४ | (२.४) |
| २०६९/७० | १८९.७ | १४२.८ | ४७.५ | ७५.३ | २५.० | ०.३ |
| २०७०/७१ | २३६.४ | १७४.१ | ५३.२ | ७३.७ | २२.५ | (३.८) |
| २०७१/७२ | २८३.० | १९३.० | ४७.७ | ६८.२ | १६.९ | (१४.९) |
| २०७२/७३ | २९६.४ | २१९.१ | ६६.८ | ७३.९ | २२.५ | (३.६) |

कैफियतमा रहेका ऋणात्मक प्रतिशतले उल्लेखित माध्यमबाट भुक्तानी नभएको रकमको अंश र धनात्मक प्रतिशतले आयातभन्दा बढी भुक्तानी गएको देखाउँछ ।

*स्रोतः नेपाल राष्ट्र बैंक, शोधनान्तर शाखा, प्रकाशित तथा अप्रकाशित तथ्याङ्कबाट गणना गरिएको ।*

१४. अन्य मुलुकतर्फको कुल आयातमा प्रतीतपत्रको अंश भन्दा अन्य माध्ययमको अंश न्यून रहेको देखिन्छ । विगत पाँच वर्षको तथ्याङ्क हेर्दा प्रतीतपत्र तथा अन्य माध्यमको अंशमा केही घढबढ देखिएको छ । आर्थिक वर्ष २०६८/६९ मा ७९.२ प्रतिशत रहेको प्रतीतपत्रको अंश आर्थिक वर्ष २०७२/७३ मा ७३.९ प्रतिशत कायम भएको छ भने सोही अवधिमा अन्य माध्यमको अंश १८.४ प्रतिशतबाट बढेर २२.५ प्रतिशत पुगेको छ (तालिका ७) ।

१५. भुक्तानीका माध्यमको वृद्धिदर हेर्दा आयात वृद्धिसँगै प्रतीतपत्रको प्रयोग बढ्दै गएको र अन्य माध्यमको वृद्धिदर घट्दै गएको देखिन्छ ।

तालिका ८

**प्रतीतपत्र तथा अन्य भुक्तानीका माध्यमहरुको वृद्धिदर**

*(रु. अर्बमा)*

| आ. व. | आयात (पेट्रोलियम पदार्थ बाहेक) | | प्रतीतपत्र | | अन्य माध्यम | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत परिवर्तन | रकम | प्रतिशत परिवर्तन | रकम | प्रतिशत परिवर्तन |
| २०६८/६९ | ३६९.४ | - | १७०.९ | - | १८८.३ | - |
| २०६९/७० | ४४९.६ | २१.७ | १९८.० | १५.९ | २७०.४ | ४३.६ |
| २०७०/७१ | ५८१.४ | २९.३ | २३८.९ | २०.७ | ३२७.० | २०.९ |
| २०७१/७२ | ६६२.६ | १४.० | २८३.२ | १८.६ | ३००.९ | (८.०) |
| २०७२/७३ | ७०४.९ | ६.४ | ३३६.१ | १८.७ | ३२०.१ | ६.४ |

*स्रोतः नेपाल राष्ट्र बैंक, शोधनान्तर शाखा, प्रकाशित तथा अप्रकाशित तथ्याङ्कबाट गणना गरिएको ।*

१६. विशेषगरेर साना व्यापारीहरुको आकर्षण ड्राफ्ट/टी.टी. मा भएको बुझिएको छ । प्रतीतपत्रको माध्यमबाट भुक्तानी गर्दा सामना गर्नुपर्ने झण्झटिलो प्रक्रियाबाट मुक्त रहन पनि यो माध्यम रोज्ने प्रवृत्ति रहेको बुझिएको छ । विगतमा यसको सीमा बढाउन व्यापारीहरुबाट निरन्तर माग भइरहेको र हालसालै यसको सीमा बढाएर रु. ५०,००० अमेरिकी डलर पुऱ्याइएको छ । यद्यपि यो प्रक्रिया जोखिमपूर्ण रहेको बुझिएको छ ।

१७. बैक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकमा रिपोर्टिङ्ग गरेको तथ्याङ्कको आधारमा गरिएको यो विश्लेषण पूर्णतया औपचारिक माध्यमबाट गरिएको आयात र सोको भुक्तानीमा सीमित छ । भारतबाट अनौपचारिक रुपले हुने आयात र सोको भुक्तानी गर्ने तरिका, न्यून बीजक जारी गरी भुक्तानी पठाउने माध्यम तथा तरिका र सुन आयात लगायतका विषयमा विस्तृत अध्ययन भएमा यस सम्बन्धमा थप तथ्यहरु बाहिर आउन सक्ने देखिन्छ ।

## अनौपचारिक कारोबार

१८. नेपालमा विभिन्न समयमा गरिएका अध्ययनहरुले अनौपचारिक व्यापार समेत हुने गरेको देखाएको छ । आर्थिक वर्ष २०६४/६५ देखि २०७२/७३ सम्मको नेपाल र भारत भन्सार तथ्याङ्कको विश्लेषणबाट नेपालको भन्सारमा अभिलेख भएको भारततर्फको निर्यात र सोही समयमा भारतको भन्सारमा अभिलेख भएको नेपालबाटको आयातमा औसत ४ प्रतिशत भिन्नता रहेको देखिन्छ । नेपालको भन्सारमा अभिलेख भएको भारतबाटको आयात र भारतको भन्सारमा अभिलेख भएको नेपालतर्फको निर्यातको भिन्नता औसत ३५.५ प्रतिशत रहेको देखिन्छ ।

तालिका ९

## नेपाल र भारतको व्यापार तथ्याङ्कमा भिन्नता

*(रु. अर्बमा)*

| आर्थिक वर्ष * | निर्यात फरक** (नेपाल-भारत) | आयात फरक*** (नेपाल-भारत) | भिन्नता (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | नेपालको औपचरिक निर्यातसँग | नेपालको औपचरिक आयातसँग |
| २०६४/६५ | -०.९६ | -४४.५० | -२.४ | -४४.२ |
| २०६५/६६ | ४.४५ | -३९.७६ | ११.० | -३५.२ |
| २०६६/६७ | ५.११ | -९६.३६ | १३.० | -५९.९ |
| २०६७/६८ | ४.९८ | -११८.६८ | ११.७ | -५८.९ |
| २०६८/६९ | ६.०९ | -९१.९५ | १२.६ | -४३.८ |
| २०६९/७० | २.६९ | -९३.७६ | ५.४ | -३६.७ |
| २०७०/७१ | ७.२५ | -११५.९३ | १२.४ | -३४.९ |
| २०७१/७२ | -६.९१ | -२६.३० | -१२.४ | -७.३ |
| २०७२/७३ | -६.४९ | ८.११ | -१५.२ | २.५ |
| जम्मा रकम/औसत प्रतिशत | १६.२१ | -६१९.१४ | ४.० | -३५.५ |

*   भारतको आर्थिक वर्ष (अप्रिलदेखि मार्च मसान्तसम्म) सँग नेपालको तथ्याङ्कलाई एकरुपता बनाइएको ।

**   नेपालको भन्सार अभिलेख र भारतको भन्सार अभिलेखबीच फरक ।

*** नेपालको भन्सार अभिलेख र भारतको भन्सार अभिलेखबीच फरक र  पेट्रोलियम पदार्थको बाहेकका वस्तुहरु ।

*स्रोतः नेपाल राष्ट्र बैंक र* http://www.commerce.nic.in/eidb/icntq.asp /

१९. Nepal Trade Policy Review (2012) ले नेपाल भारत बीचको औपचारिक व्यापारको ठूलै अंश बराबर अनौपचारिक व्यापार हुने गरेको जनाएको छ ।  त्यसैगरी, सन् २००२ मा South Asia Network of Economic Institutes ले गरेको Informal Trade in the SAARC Region:  Case Studies of India, Sri Lanka and Nepal अध्ययनका अनुसार नेपाल र भारत बीच २०००/०१ मा करिब ३६.८-४०.८ करोड अमेरिकी डलर बराबरको अनौपचारिक व्यापार भएको  थियो । यस बैंकले आर्थिक वर्ष सन् २०१०/११ मा गरेको Parallel Markets of Foreign Currency in Nepal ले अनौपचारिक माध्यमबाट विप्रेषण आप्रवाह हुने तथा पर्यटकहरुबाट मनिचेञ्जरहरुले सटही गर्ने विदेशी मुद्राको केही अंश अनौपचारिक बजारमा परिचालन गर्ने गरेको देखाएको थियो । अध्ययनले न्यून बीजकीकरणका कारण समेत अनौपचारिक बजारमा विदेशी विनिमयको कारोबार बढेको देखाएको थियो ।

२०. अन्तर्राष्ट्रिय मुद्राकोषले प्रकाशन गर्ने Coordinated Direct Investment Survey (CDIS) अनुसार नेपालको विभिन्न देशहरुमा लगानी रहेको देखाएको छ । उक्त सर्वेक्षणका अनुसार नेपालीबाट चीन, थाइलैण्ड, इटाली, दक्षिण कोरिया र सिंगापुरमा करिब रु. ९ अर्ब बराबर लगानी भएको देखाएको छ । त्यसैगरी, अनौपचारिक आयातलाई सहयोग गर्ने स्रोतको रुपमा नेपाल भित्रिने सुन हुनसक्ने सम्भावना समेत रहेको छ । सुनको औपचारिक आयातमा वर्षैपिच्छे उतारचढाव हुने गरेको देखिन्छ ।

२१. भारतसँगको १८०० किलोमिटर लामो खुला सीमाना र स्वतन्त्र आवतजावत तथा चीनसँग सीमाक्षेत्र विकट भएतापनि भौगोलिक पहुँच हुनाले अनौपचारिक व्यापार हुन सक्ने सम्भावना रहँदै आएको छ ।

२२. अनौपचारिक व्यापार कानून नियमको परिधिभित्र नरही अवैध तरिकाले वस्तुहरुको व्यापार गर्नुलाई बुझिन्छ । कानूनी रुपमा तिर्नुपर्ने शुल्क नतिर्ने, मूल बाटो नभई चोर बाटोबाट मालसामान ओसारपसार गर्ने वा कानूनले निषेध गरेका वस्तुको व्यापार गर्ने भन्ने बुझिन्छ । यसको साथै कानूनीरुपमा खुलाउनु पर्ने तथ्यपरक विवरण नखुलाई वास्तविकता भन्दा कम मूल्य र परिमाण देखाउनु, बढी मूल्यका

सामानहरुको पोके तस्करी प्रक्रियाद्वारा व्यापार गर्नु लगायत छोटी भन्सार नाकाहरुबाट हुने छलीलाई पनि अनौपचारिक व्यापारको रुपमा लिइन्छ ।

२३. भारतसँगको खुला सीमाना, झण्झटपूर्ण र बढी समय लाग्ने भन्सार प्रक्रिया, मूल्यको अन्तर (नेपाली बजारमा) ले बढी मुनाफा हुने भएको आदि कारणहरुले गर्दा नेपालका सीमानाहरुमा अनौपचारिक व्यापार हुन सक्ने सम्भावना रहेको देखिन्छ ।

२४. आयातमा अधिक बीजकीकरण तथा निर्यातको न्यून बीजकीकरण गरी भन्सार मूल्याङ्कनमा अन्तर सृजना गरी देशबाट पुँजीको बाह्य प्रवाह गर्नसक्ने देखिन्छ । त्यसैगरी, अनौपचारिक स्रोतलाई प्रयोग गरी आयातको न्यून बीजकीकरण गर्ने सम्भावना हुन्छ ।

२५. अनौपचारिक आयातलाई सहयोग गर्ने स्रोतको रुपमा नेपाल भित्रिने सुन हुनसक्ने सम्भावना रहेको छ । सुनको औपचारिक आयात हेर्दा वर्षैपिच्छे सुनको आयातमा ठूलो घटबढ देखिन्छ । आन्तरिक बजारमा सुनको मागमा हुने परिवर्तन भन्दा आयातमा भएको परिवर्तनमा अधिक उतारचढाव देखिन्छ ।

२६. वैदेशिक रोजगारीमा गएकाहरुबाट विप्रेषणको केही मात्रा विदेशमा नै परिचालन गरी अनौपचारिक व्यापार तथा अन्य अनौपचारिक कार्यमा प्रयोग हुन सक्ने सम्भावना रहेको छ ।

## समस्या समाधानका केही उपायहरु

२७. कुनै Invoice तथा अन्य कागजातहरुबिना नै सामान मगाउने चलन पनि रहेको देखिन्छ । सोको न्यूनीकरणको लागि प्रतीतपत्र लगायतका औपचारिक माध्यममार्फत हुने कारोबारको शुल्क तथा समय घटाउने, आवश्यक पर्ने कागजात कम गरी सरलीकरण गर्ने नीति लिनुपर्ने देखिन्छ ।

२८. भुक्तानीको अवस्था तथा प्रवृत्तिको जानकारीको अभावमा देशको कुल वैदेशिक व्यापारको लागि आवश्यक विदेशी मुद्राको निर्क्योल गर्न कठिन हुन्छ । भुक्तानी प्रवृत्तिको अद्यावधिक अवस्थाको जानकारी हासिल गर्न समय-समयमा अध्ययन गर्नु जरुरी हुन्छ ।

२९. न्यून/अधिक बीजकीकरणबाट हुने अनौपचारिक व्यापार एवम् भुक्तानी निरुत्साहित गर्न व्यापार मूल्याङ्कनलाई नियमित तथा छिटो छिटो अद्यावधिक गरिनु पर्दछ ।

३०. सुनको अनौपचारिक आयातलाई निरुत्साहित गर्न देशको आन्तरिक बजार माग र सोको औपचारिक माध्यमबाट पूर्ति हुनसक्ने सम्भावना एवम् अनौपचारिकरुपमा हुने आयातका सम्बन्धमा अध्ययन गर्नुपर्ने देखिन्छ ।

३१. अनौपचारिक विप्रेषण अनौपचारिक आयातको भुक्तानीको स्रोत हुनसक्ने सन्दर्भमा नेपालीहरुको संख्या विस्तार भएको नयाँ गन्तब्य राष्ट्रहरुमा विप्रेषण आप्रवाह गर्ने कम्पनीहरुलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

३२. वैदेशिक व्यापार भुक्तानीको व्यवस्थापनको लागि विद्युतीय प्रणालीको विकास गर्ने तथा सबै कारोबारलाई राष्ट्रिय परिचय-पत्र वा त्यस्तै प्रणालीको संयन्त्रमा आबद्ध गर्न चरणबद्धरुपमा कार्यान्वयन गर्न सकेमा मात्र अनौपचारिक व्यापार र पुँजी प्रवाहलाई नियन्त्रण गर्न सकिन्छ ।

३३. आयात भुक्तानीका उपकरण अनुसारको भुक्तानी तथ्याङ्क प्रणालीको विकास गरी तथ्याङ्क राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष र सुझाव

३४. नेपालको वैदेशिक व्यापार अन्तर्गत आयात भुक्तानीका माध्यमहरुमा नगद भुक्तानी, ड्राफ्ट/टी.टी., प्रतीतपत्र, Documents against Payments (DAP), Documents against Acceptance (DAA) जस्ता माध्यमहरु चलनचल्तीमा रहेका छन् । आर्थिक वर्ष २०७२/७३ मा पेट्रोलियम पदार्थ बाहेकको

कुल औपचारिक वस्तु आयातको भुक्तानी करिब ४७.७ प्रतिशत प्रतीतपत्रमार्फत भएको थियो । भारत र अन्य मुलुकबाट भएको आयात क्रमशः करिब २८.७ प्रतिशत र ७३.९ प्रतिशत प्रतीतपत्रमार्फत भएको थियो । साथै प्रतीतपत्रमार्फत हुने आयातको अंश पछिल्ला वर्षहरुमा वृद्धि हुँदै गएको छ ।

३५. नेपालको आयातलाई भारतको निर्यातको तथ्याङ्कसँग तुलना गर्दा नेपालको कुल वस्तु आयात, भारतको निर्यातभन्दा कम रहेको छ । यसले न्यून बीजकीकरणलाई संकेत गर्दछ । यसका अतिरिक्त अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार कतिपय देशहरुमा नेपालीको लगानी रहेको छ ।

३६. अन्तर्राष्ट्रिय व्यापार भुक्तानीको लागत कम गर्न भुक्तानी प्रणाली तथा प्रक्रिया सरलीकरण गर्नुपर्ने, अनौपचारिक आयातलाई नियन्त्रण गर्न भन्सार व्यवस्थापनमा सुदृढीकरण गर्ने, व्यापार मूल्याङ्कनलाई बजार मूल्य अनुसार नियमित अद्यावधिक गर्ने तथा सुनको अनौपचारिक आयातलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ । त्यसैगरी, नेपालीहरुको संख्या विस्तार भएको नयाँ गन्तव्य मुलुकहरुमा विप्रेषण आप्रवाह गर्ने कम्पनीहरुलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

३७. भुक्तानीको अवस्था तथा प्रवृतिको जानकारीले वैदेशिक व्यापारको लागि आवश्यक विदेशी मुद्राको व्यवस्थापन सहज हुने भएकोले भुक्तानी प्रवृत्तिको अद्यावधिक अवस्थाको जानकारी हासिल गर्न अध्ययन आवश्यक रहेको छ । त्यसैगरी, आयात भुक्तानीका उपकरण अनुसारको भुक्तानी तथ्याङ्क प्रणालीको विकास गरी तथ्याङ्क व्यवस्थापन गर्नुपर्ने देखिन्छ । विद्युतीय प्रणालीको विकास तथा सबै कारोबारलाई राष्ट्रिय परिचय-पत्र वा त्यस्तै प्रणालीको संयन्त्रमा आबद्ध गर्न सकेमा अनौपचारिक व्यापार र पुँजी प्रवाहलाई नियन्त्रण गर्न सकिन्छ ।

# सन्दर्भ सामाग्री

नेपाल राष्ट्र बैंकबाट जारी परिपत्रहरु

International Monetary Fund.(2014). *Coordinated Direct Investment Survey*. International Monetary Fund.

Nepal Rastra bank. (Various issues). *Current Macroeconomic Situation of Nepal*. Nepal Rastra Bank, Kathmandu.

Nepal Rastra Bank. (2010/11). *Parallel Markets of Foreign Currency in Nepal (Unpublish*. Nepal Rastra Bank, Kathmandu.

Taneja, N, Sarvananthan, M., Karmacharya, B & Pohit, S. (2002). *Informal Trade in the SAARC Region: Case Studies of India, Sri Lanka and Nepal :* South Asia Network of Economic Institutes.

Department of Commerce. (2016). *Indian Trade Statistics*. Retrieved August 28, 2016, from http://www.commerce.nic.in/eidb/icntq.asp:

Ministry of Commerce and Supplies. (2012). *Trade Policy Review: Nepal*. Ministry of Commerce and Supplies, Kathmandu.

## अनुसूची

### नेपालको व्यापार साझेदारसँगको व्यापार सन्तुलन

रु करोड

| क.सं. | देश | २०७०/७१ | | | २०७१/७२ | | | २०७२/७३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्यात | आयात | व्यापार सन्तुलन | निर्यात | आयात | व्यापार सन्तुलन | निर्यात | आयात | व्यापार सन्तुलन |
| **क** | **दक्षिण एसिया** | **६३४६.८** | **४८१०५.३** | **-४१७५८.५** | **५८६६.१** | **४९५२०.७** | **-४३६५४.६** | **४०६४.४** | **४८२२०.५** | **-४४१५६.१** |
| १ | भारत | ५९६१.४ | ४७७९४.७ | -४१८३३.३ | ५५८६.५ | ४९१६५.६ | -४३५७९.१ | ३९४९.४ | ४७७२१.३ | -४३७७१.९ |
| २ | अफगानिस्तान | १५२.० | ०.१ | १५१.९ | १५१.६ | ०.८ | १५०.८ | २०.६ | ८.८ | ११.८ |
| ३ | बंगलादेश | २१४.१ | १७२.७ | ४१.४ | १०८.४ | २४१.४ | -१३३.० | ७३.७ | ४००.१ | -३२६.३ |
| ४ | भुटान | ९.९ | ३५.३ | -२५.४ | १२.१ | ४०.६ | -२८.५ | १६.० | ४३.६ | -२७.६ |
| ५ | माल्दिभ्स | ०.५ | ०.० | ०.५ | ०.९ | १.४ | -०.५ | ०.० | ०.० | ०.० |
| ६ | पाकिस्तान | ८.७ | ३३.५ | -२४.८ | २.८ | ४०.२ | -३७.४ | ४.४ | २६.७ | -२२.३ |
| ७ | श्रीलंका | ०.३ | ६९.० | -६८.८ | ३.९ | ३०.७ | -२६.८ | ०.३ | २०.० | -१९.७ |
| **ख** | **युरो क्षेत्र** | **७३७.४** | **१२७७.८** | **-५४०.४** | **६८८६** | **२२५६.४** | **-१५६७.८** | **७१०.५** | **१६७६.२** | **-९६५.७** |
| १ | अष्ट्रिया | २३.२ | ५६.० | -३२.८ | १८.८ | ६८.८ | -५०.० | २०.६ | २६.१ | -५.५ |
| २ | वेल्जियम | ३१.० | ५४.६ | -२३.७ | २५.५ | ६९.१ | -४३.६ | २४.४ | ७२.० | -४७.६ |
| ३ | फिनल्याण्ड | ८.० | १२.५ | -४.५ | ९.५ | ४७.६ | -३८.१ | १०.३ | ३७.८ | -२७.६ |
| ४ | फ्रान्स | १३३.३ | १४१.५ | -८.२ | ११७.६ | ६९३.१ | -५७५.५ | १२७.२ | ७०६.२ | -५७८.९ |
| ५ | जर्मनी | ३४१.४ | ६१६.० | -२७४.६ | ३०९.१ | ९३७.३ | -६२८.२ | ३१४.५ | ४३३.९ | -११९.४ |
| ६ | ग्रिस | ४.९ | ०.९ | ४.० | ३.१ | २.७ | ०.४ | २.८ | ५.५ | -२.७ |
| ७ | आयरल्याण्ड | २.५ | २८.२ | -२५.७ | १.४ | २६.० | -२४.७ | २.९ | २८.१ | -२५.२ |
| ८ | इटाली | १००.२ | २००.६ | -१००.४ | ११९.८ | १८०.२ | -६०.४ | ११३.६ | १३८.१ | -२४.६ |
| ९ | लिथुनिया | ०.५ | ६.३ | -५.८ | ०.९ | ०.७ | ०.२ | १.० | १.० | ०.१ |
| १० | माल्टा | ०.० | १.१ | -१.१ | ०.१ | ४.६ | -४.५ | ०.० | ३.४ | -३.४ |
| ११ | नेदरल्याण्ड | ४८.७ | १०७.२ | -५८.५ | ४२.४ | १३७.४ | -९५.० | ५१.२ | १४४.१ | -९२.८ |
| १२ | पोर्चुगल | ३.३ | २.६ | ०.७ | १.४ | ३.३ | -१.९ | ३.९ | ३.४ | ०.५ |
| १३ | स्लोभानिया | ३.४ | १.१ | २.३ | ३.७ | १.२ | २.५ | २.५ | १.४ | १.१ |
| १४ | स्पेन | ३७.० | ४९.२ | -१२.२ | ३५.४ | ८४.५ | -४९.१ | ३५.६ | ७५.३ | -३९.६ |
| **ग** | **ल्याटिन अमेरिकन तथा क्यारेबियन** | **१९.९** | **१५५०.५** | **-१५३०.६** | **१४.२** | **१३०३.३** | **-१२८९.१** | **१५.०** | **१२६७.२** | **-१२५२.२** |
| १ | अर्जेन्टिना | १.८ | ७५९.७ | -७५७.९ | ०.१ | ९७५.६ | -९७५.५ | ०.१ | ८१८.७ | -८१८.६ |
| २ | ब्राजिल | १३.६ | ६९९.२ | -६८५.६ | ९.२ | २५४.२ | -२४५.० | ८.५ | ३९१.७ | -३८३.३ |
| ३ | चिली | २.१ | ३.१ | -०.९ | २.५ | ६.४ | -३.९ | ३.४ | ५.७ | -२.३ |
| ४ | ग्वाटेमाला | ०.० | ७३.१ | -७३.१ | ०.० | ४२.६ | -४२.६ | ०.२ | ३४.६ | -३४.४ |
| ५ | मेक्सिको | २.३ | १५.४ | -१३.१ | २.४ | २४.५ | -२२.२ | २.९ | १६.५ | -१३.६ |
| **घ** | **अन्य देश** | **२०९५.१** | **२०५०३.०** | **-१८४०८.०** | **१९६३.०** | **२४३८८.०** | **-२२४२५.०** | **२२२१.८** | **२६१९६.०** | **-२३९७४.२** |
| १ | अष्ट्रेलिया | ५६.७ | २११.२ | -१५४.६ | ५८.९ | ३२१.७ | -२६२.८ | ६०.१ | ५२३.२ | -४६३.२ |
| २ | क्यानडा | ८३.३ | २९७.७ | -२१४.५ | ८७.२ | ३५८.५ | -२७१.३ | ९१.८ | ५६३.५ | -४७१.७ |
| ३ | चीन | २८४.१ | ७३३१.९ | -७०४७.८ | २२३.० | १००१६.६ | -९७९३.७ | १६८.२ | ११५६९.४ | -११४०१.३ |
| ४ | हङ्कङ्ग | ३३.८ | १७.८ | १६.० | १३.० | २५.७ | -१२.७ | १९.९ | १८७.७ | -१६७.८ |
| ५ | ताइवान | २५.२ | २३४.४ | -२०९.२ | १३.८ | २५१.३ | -२३७.६ | ९.३ | २७४.७ | -२६५.४ |
| ६ | चेक रिपब्लिक | ७.५ | २२.४ | -१५.० | ७.५ | १२७.० | -११९.५ | ९.५ | २५.७ | -१६.२ |
| ७ | डेनमार्क | २४.५ | २८.२ | -३.७ | २१.२ | ३५.० | -१३.९ | २८.९ | ४६.७ | -१७.९ |
| ८ | इजिप्ट | ०.० | १००.७ | -१००.७ | ०.३ | १४१.२ | -१४०.९ | ०.० | १५४.३ | -१५४.३ |
| ९ | हंगेरी | ४.६ | १३.३ | -८.६ | ४.२ | ६.९ | -२.७ | ३.७ | ११.९ | -८.२ |
| १० | इन्डोनेसिया | ०.४ | १५४७.७ | -१५४७.३ | १.४ | १६५५.३ | -१६५३.८ | ०.४ | ११२२.५ | -११२२.० |
| ११ | इजरायल | १.९ | ५५.४ | -५३.५ | १.७ | ७४.४ | -७२.७ | १.६ | ७०.६ | -६९.० |
| १२ | जापान | १०५.० | ४५३.९ | -३४८.८ | ११७.० | ५९५.८ | -४७८.८ | १११.७ | ७४७.३ | -६३५.६ |
| १३ | दक्षिण कोरिया | ४.२ | ३७६.२ | -३७२.० | १.८ | ३८८.४ | -३८६.६ | ८.२ | ४८९.६ | -४८१.५ |
| १४ | लेवनान | १.४ | १.९ | -०.५ | १.७ | ०.२ | १.५ | १.५ | २.६ | -१.२ |
| १५ | मलेसिया | २८.५ | ६५४.० | -६२५.५ | ३८.४ | ७८०.८ | -७४२.३ | २९.९ | ६६६.६ | -६३६.७ |
| १६ | बर्मा | ०.५ | १३१.० | -१३०.५ | ०.२ | ११९.७ | -११९.५ | ०.१ | १८०.८ | -१८०.७ |
| १७ | न्युजिल्याण्ड | ३.१ | ११८.८ | -११५.७ | ४.६ | १३२.९ | -१२८.३ | ६.१ | ११५.७ | -१०९.७ |
| १८ | नर्वे | १६.१ | ७.९ | ८.२ | २३.३ | १२.७ | १०.६ | २०.४ | ७.५ | १२.८ |
| १९ | ओमन | ०.१ | ११.१ | -११.० | ०.२ | २२.४ | -२२.२ | ०.२ | ८.५ | -८.४ |
| २० | फिलिपिन्स | १.४ | २२.३ | -२०.८ | ०.२ | २२.१ | -२१.९ | १.६ | ३३.२ | -३१.६ |
| २१ | कतार | ९.३ | १०६.३ | -९७.० | १.३ | ६३.६ | -६२.३ | ०.६ | २९.१ | -२८.५ |
| २२ | रसिया | ८.० | १५३.० | -१४५.० | ५.७ | ४५६.५ | -४५०.७ | ३.२ | ८२.४ | -७९.२ |
| २३ | साउदी अरेविया | ०.९ | ५५८.५ | -५५७.६ | १.६ | ४७०.२ | -४६८.६ | ०.८ | ५८०.२ | -५७९.४ |
| २४ | सिंगापुर | १८.० | ३५४.६ | -३३६.७ | १७.१ | ३२६.१ | -३०९.० | १६.८ | ४१३.२ | -३९६.४ |
| २५ | साउथ अफ्रिका | ६.० | १०८.२ | -१०२.२ | ५.० | ३३१.७ | -३२६.७ | ५.६ | २९५.८ | -२९०.२ |
| २६ | स्वाजिल्याण्ड | २.६ | २.३ | ०.३ | २.८ | ६.२ | -३.४ | १.१ | २८.५ | -२७.४ |
| २७ | स्वीडेन | १०.७ | ४२.९ | -३२.१ | ११.८ | ७७.५ | -६५.७ | १०.७ | १११.६ | -१००.९ |
| २८ | स्विजरल्याण्ड | ३४.१ | २४१.१ | -२०७.० | २७.८ | ३१९.२ | -२९१.५ | ३८.० | ९७२.० | -९३४.० |
| २९ | थाइल्याण्ड | ४४.० | ९३८.१ | -८९४.१ | ३२.१ | ९९४.७ | -९६२.६ | १२.० | ९८५.१ | -९७३.१ |
| ३० | टर्की | १२६.३ | ४८.७ | ७७.७ | १५९.७ | ७४.९ | ८४.९ | २२०.४ | २३०.३ | -९.८ |
| ३१ | युक्रेन | ०.५ | ३०४.३ | -३०३.८ | ०.६ | ४१४.२ | -४१३.६ | ०.२ | ३९४.६ | -३९४.४ |
| ३२ | संयुक्त अरब ईमिरेट्स | ४२.० | ४०५५.५ | -४०१३.५ | ३०.१ | ३४५५.८ | -३४२५.८ | ७.७ | २३०५.६ | -२२९८.० |
| ३३ | वेलयात | २०८.२ | २४५.८ | -३७.६ | २०२.६ | १८५.३ | १७.२ | २७९.९ | २१२.८ | ६७.१ |
| ३४ | अमेरिका | ७६१.१ | ६२८.९ | १३२.२ | ७४६.८ | ८३४.७ | -८७.९ | ९२६.८ | ९६७.७ | -४०.९ |
| ३५ | भियतनाम | ३०.० | ३९७.० | -३६७.१ | ५८.६ | ४४८.५ | -३८९.९ | ४०.८ | ६०३.० | -५६२.२ |
| ३६ | अन्य देशहरु* | १११.३ | ६८०.२ | -५६८.९ | ४०.० | ८४०.५ | -८००.५ | ८४.५ | ११८२.० | -१०९७.६ |
| | **कुल** | **९१९९.१** | **७१४३६.६** | **-६२२३७.५** | **८५३१.९** | **७७४६८.४** | **-६८९३६.५** | **७०११.७** | **७७३५९.९** | **-७०३४८.२** |

स्रोत : नेपाल राष्ट्र बैंक

* युरो, ल्याटिन अमेरिका र अन्य मुलुकमा समावेश नभएका देश ।

# अनुसूची

## आयात भुक्तानी सम्बन्धमा जारी परिपत्रहरु

- भारतबाट प्रतीतपत्र, ड्राफ्ट वा टी.टी.को माध्यमबाट भारतीय रूपैंयाँमा आयात गर्न सकिने व्यवस्था छ (परिपत्र संख्या : ६४२, २०७२/०४/१८) ।
- परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट समेत १६१ वस्तुको आयात गर्न सकिने व्यवस्था रहेको छ (इजाजतपत्र ३८२, २०६३/१२/११ र अन्य) ।
- भारतबाहेक तेस्रो मुलुकबाट प्रतीतपत्र विना ड्राफ्ट, टी.टी.को माध्यमबाट एकपटकमा अमेरिकी डलर ५० हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको आयात गर्न सकिने व्यवस्था छ (परिपत्र संख्या : ६५५, २०७३/०४/२८) ।
- चीनबाट गरिने आयातमा एल.सी., टी.टी., ड्राफ्टका माध्यमबाट हुने भुक्तानी चिनियाँ मुद्रामा गर्नसक्ने व्यवस्था छ (परिपत्र संख्या : ६३०, २०७१/०९/१४) ।
- वाणिज्य बैंकहरूले  दैनिक २० के.जी. सुन आयात गर्नसक्ने व्यवस्था छ (परिपत्र संख्या : ६६५, २०७३/१०/२३) ।
- भारत तथा तेस्रो मुलुकसँग व्यापार गर्दा भारतीय ढुवानीकर्तालाई भा.रु. ७५ हजारसम्म नगदमा सटही सुविधा उपलब्ध गराउन सकिने व्यवस्था छ (परिपत्र संख्या : ६४२, २०७२/०४/१८) ।
- भारतबाट सफ्टवेयर खरिद गर्नुपरेमा अमेरिकी डलर १०,००० सम्म एल.सी.मार्फत भुक्तानी गर्नसक्ने व्यवस्था छ (परिपत्र संख्या : ६२७, २०७१/०६/१६) ।
- परिवर्त्य विदेशी मुद्रामा खाता भएका नेपाली नागरिकले अमेरिकी डलर १०,००० वा सो बराबर हुने परिवर्त्य विदेशी मुद्रा खर्च गरी विदेशी संस्थाबाट लिएको सेवाको भुक्तानी गर्नसक्ने व्यवस्था छ (परिपत्र ६३१, मिति २०७१/०९/१८) ।
- भारतबाहेक तेस्रो मुलुकबाट ड्राफ्ट, टी.टी. एवम् प्रतीतपत्रको अलावा Documents against Payments (DAP) को माध्यमबाट समेत आयात गर्न सकिने व्यवस्था छ । (परिपत्र संख्या : ४५०, मिति २०६४/४/२२) । Documents against Acceptance (DAA) को माध्यमबाट समेत आयात गर्न सकिने व्यवस्था छ (परिपत्र संख्या : ५०७, मिति २०६४/४/२२) ।